# गाउँबाट शान्ति

चौमासिक बुलेटिन, संख्या ७ असोज २०६८ ( No. 7, September 2011)


# पिवीवी परियोजना संचालक समिति बैठक सम्पन्न



नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन) बाट सञ्चालित गाउँबाट शान्ति परियोजनाको संचालक समितिको बैठक गत भदौ ३० गते काठमाडौंमा सम्पन्न भएको छ । परियोजनाको बार्षिक प्रगति तथा आगामी बर्षको कार्ययोजनाका बारेमा जानकारी गराउने उद्देश्यले बैठक आयोजना गरिएको थियो । कार्यक्रममा क्यानाडाली अन्तरराष्ट्रिय विकास नियोग (सिआईडिए) नेपाल कार्यक्रम निर्देशक श्री रबर्ट ह्यामिल्टन, क्यानाडाली सहयोग कार्यालय (सिसिओ) नेपालका निर्देशक डा. प्रवीण मानन्धर तथा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सल्लाहकार डा. मुन्नी शर्मा उपस्थित हुनुहुन्थ्यो ।

गाउँबाट शान्तिका परियोजना निर्देशक सीमा लुइटेल तथा अन्य परियोजनाका कर्मचारीहरूले दोस्रो वर्षका उपलब्धि तथा आगामी तेस्रो बर्षका कार्ययोजनाका बारेमा प्रस्तुति गर्नुभएको थियो ।

रबर्ट ह्यामिल्टनले परियोजनाका प्रगति प्रशंसनीय भएको बताउनुभयो । त्यस्तै प्रवीण मानन्धरले परियोजनाका उपलब्धिहरूको दिगोपनमा जोड दिंदै परियोजनाका उपलब्धिबाट पाएको शिक्षा के हो र समुदायमा परियोजनाले ल्याएका उत्तम अभ्यासहरू कसरी सुरु भए र के कस्ता छन् भन्ने कुरा महत्वपूर्ण हुने बताउनुभयो ।

आरआरएन अध्यक्ष डा. अर्जुन कार्कीले परियोजनाको बार्षिक प्रगति, आगामी योजना, शान्ति तथा पुर्नसम्मिलनको नमूनाका बारेमा सुझावहरू दिनुभएको थियो ।

आरआरएन अध्यक्ष डा. अर्जुन कार्कीको सभापतित्वमा सम्पन्न भएको बैठकमा आरआरएनका परियोजना संबद्ध सदस्यहरूको समेत सहभागिता थियो । अन्त्यमा बैठकले परियोजनाको तेस्रो बर्षको कार्ययोजनालाई पारित गरेको थियो ।

यस अंकमा

- समाचार संक्षेप
- गाउँबाट शान्ति परियोजनाबाट प्राप्त सफलताका कथाहरू
- परियोजना गतिविधिहरूका साथै अन्य नियमित स्तम्भहरू

# स्थानीय शान्ति समितिहरूको क्षेत्रीय गोष्ठी

भोजपुर, संखुवासभा र मोरङ जिल्लाका स्थानीय शान्ति समितिका पदाधिकारी, जिल्लास्थित विभिन्न सामुदायिक जनसंस्थाका प्रतिनिधि, महिला, दलित, द्वन्द्व पीडितहरूको सक्रिय सहभागितामा जिल्लामा शान्ति निर्माण, पुनर्निर्माण, मध्यस्तता, मेलमिलाप आदिका क्षेत्रमा भएका तौरतरिका तथा प्रगतिका सम्बन्धमा अनुभव आदानप्रदान गर्ने उद्देश्यले एक गोष्ठी सम्पन्न भएको छ । गाउँबाट शान्ति परियोजनाको अगुवाइमा आयोजित उक्त एकदिने अन्तरक्रिया कार्यक्रम भदौ १ गते विराटनगरमा सम्पन्न भएको थियो ।

भोजपुरबाट नवप्रतिभा जनसंस्थाकी तेजकुमारी वस्नेतको लयबद्ध शैलीको कविता बाचनसँगै सुरु भएको अनुभव आदान प्रदान कार्यक्रममा भोजपुर तथा संखुवासभाका शान्ति समितिका संयोजकले आफ्नो जिल्लामा समितिले गरेका सहकार्य तथा शान्ति सम्वन्धि गतिविधिहरू प्रस्तुत गर्नुभएको थियो । प्रस्तुतिबाट द्वन्द्व पीडितलाई राहत दिलाउन र पुनर्निर्माणका क्षेत्रमा शान्ति समितिले निकै काम गरेको देखिन्छ ।

संखुवासभा जिल्लाका स्थानीय शान्ति समिति संयोजक श्री नारद राईका अनुसार संखुवासभा जिल्लामा ८४ जना द्वन्द्व पीडितमा दर्ता भएका थिए । जसमध्ये ७ जना बाहेक सबैलाई राहत वितरण गरिसकिएको छ । जिल्लामा १८ वटा गाविसमा स्थानीय शान्ति समिति समेत गठन भएको छ ।

जिल्लामा हरेक वर्ष शान्ति समितिको पहलमा शान्ति तथा मेलमिलाप गोष्ठी आयोजना गर्ने गरिन्छ । समितिले द्वन्द्वबाट टुहुरा भएका बालबालिकालाई अध्ययनका लागि सहयोग गर्नुका साथै द्वन्द्व पीडितहरूलाई सीपमूलक तालिम समेत दिएको छ ।

त्यस्तै भोजपुर जिल्लाका स्थानीय शान्ति समितिका संयोजक श्री शक्तिराज राईका अनुसार स्थानीय शान्ति समितिले पनि शान्ति निर्माणका कामहरू गर्दै आएको छ । भोजपुर



जिल्लामा २३ वटा गाविसमा स्थानीय शान्ति समिति गठन गरिसकिएको छ । १८ द्वन्द्व पीडितहरूलाई स्वरोजगारका लागि वाइरिङ तालिम समेत दिइएको छ । दुबै जिल्लामा गाउँबाट शान्ति कार्यक्रमसँग स्थानीय शान्ति समितिको सहकार्यमा कार्यक्रम संचालन भइरहेका छन् ।



मोरङ जिल्लाका स्थानीय शान्ति समितिका कार्यालय सचिव चुडामणी आपगाईका अनुसार पनि द्वन्द्व पीडित, एकल महिला, टुहुरालाई राहत, छात्रवृत्ति आदि कार्यक्रम संचालन भएका छन् । जिल्लामा जम्मा १४ वटा नगर स्तरीय स्थानीय शान्ति समिति गठन भइसकेको छ ।

यस गोष्ठीबाट शान्ति निर्माण र द्वन्द्व रूपान्तरणमा आगामी दिनमा कुन ठाउँमा के कस्तो सहकार्य र सहयोग आदानप्रदान गर्न सकिन्छ भन्ने कुराको ज्ञान भएको छ । स्थानीय जनसंस्थाका सदस्यहरूका अनुभवलाई नियाल्दा स्थानीय स्तरमा शान्ति निर्माणमा धेरै सचेतना आइसकेको देखिन्छ ।

# परियोजनाको सिकाई आदानप्रदान

छलफल गोष्ठी तथा अन्तरक्रिया कार्यक्रममार्फत् आरआरएनको गाउँबाट शान्ति कार्यक्रमका अनुभवहरूका आधारमा समुदायमा आधारित विकास र पुनर्सम्मिलनको "नमूना" विकास गर्नु र प्रवर्द्धन गर्नुरहेको छ । यसका लागि विभिन्न सरोकारवाला निकाय तथा समुदायस्तरमा समेत नमुना निर्माण पश्चात परिष्कृत तथा आवश्यक परिमार्जन गर्नका लागि विभिन्न अन्तरक्रिया गरिदै आइएको छ । विकासशील राष्ट्रहरूमा देखा परेका सशस्त्र द्वन्द्वपश्चात् समुदायमा पुनर्मिलनको वातावरण कसरी सृजना गर्न सकिन्छ भन्ने सवालमा सो नमूना विकास गर्न लागिएको हो ।

यसै विषयलाई आधार बनाएर गत भदौ ७ गते आरआरएनका अध्यक्ष डा. अर्जुन कार्की, शान्ति मन्त्रालयका सहसचिव साधुराम सापकोटा र कार्यसमिति सदस्यहरू तथा गाउँबाट शान्ति परियोजनाका टोली सदस्यहरूको सहभागितामा एक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।



कार्यक्रममा शान्ति मन्त्रालय सहसचिव साधुराम सापकोटाले विभिन्न सुझावहरू प्रदान गर्नुभएको थियो । समुदायमा आधारित विकास र पुर्नसम्मिलनको "नमूना" विकासमा शान्ति तथा पुनर्निर्माण मन्त्रालयको समेत योगदान महत्वपूर्ण रहेको छ । योगदान यसकारण महत्वपूर्ण रहेको छ कि नमूनालाई शान्ति मन्त्रालयले आफ्नो स्वामित्व समेत लिएर देशव्यापी रूपमा यसलाई लागु गर्ने भनिएको छ ।

# शान्तिसंचार रणनीति र प्रभाव

गाउँबाट शान्ति परियोजनाको शान्ति संचार संबाद एउटा महत्वपूर्ण पाटो हो । यस कार्यले परियोजनाका अंगीकार गरेका रणनीति, प्रयोगमा ल्याएका अभ्यासहरूलाई सरोकारवालाहरू समक्ष राख्न सजिलो भएकोछ ।

परियोजनाको परिलक्षित शान्ति निर्माण संवन्धि उद्देश्यलाई उजागर गर्दै परियोजनाका प्रगतिबारे विभिन्न माध्यम जस्तै, पोष्टर, पम्प्लेट, वेबसाइट, न्युजलेटर, जनस्तरमा भएका पहल/कथा संकलनहरू, शान्ति निर्माण सम्वन्धि रेडियो कार्यक्रम, डकुमेन्ट्री आदिबाट जनसमक्ष ल्याइएको छ । जसले गर्दा जिल्लाका सरोकारबालाहरूसँग संचार तथा संमन्वय गर्न सघाउ पुगेको छ । यसको फलस्वरूप परियोजनाका कार्यक्रमहरूलाई लोकप्रिय बनाउदै अन्य संस्थाले समेत अनुशरण गर्न सहज भएको देखिन्छ ।










रेडियो कार्यक्रम अन्तरगत शान्ति अभियान कार्यक्रमले परियोजनाले संचालन गरेका कार्यक्रमहरू तथा जनसरोकारका विषयहरू जस्तै स्वास्थ्य, शिक्षा, शान्ति निर्माणका पक्षलाई छलफलका माध्यमबाट सुशिक्षित तुल्याउने काम गरिरहेको छ ।

परियोजनाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, बातावरणीय मूल्याङकन कार्यविधि सम्वन्धी सामग्रीहरूको प्रकाशन गरिसकेकोछ । हाल शान्तिका लागि भएका पहलका कथाहरू संकलन समेत प्रकाशन गरेको छ । यस्ता जानकारीमूलक सामग्रीहरूले शान्ति निर्माणको अभियानलाई अगाडि बढाउन र परियोजनाका अन्य लक्षहरूलाई पूरा गर्न महत्वपूर्ण योगदान गरिरहेको छ ।

परियोजनाद्वारा प्रकाशित नियमित चौमासिक वुलेटिनले परियोजनाका गतिविधिसम्वन्धी जानकारी सामुदायिक स्तरमा पुऱ्याइरहेको छ । यसका साथै समुदायका भनाई, सिकेका ज्ञान, सीप र सिकाईहरूलाई समेत प्रकाशनमा स्थान दिने गरिन्छ ।

## रेडियो कार्यक्रम– "शान्ति अभियान"

(हाल संचालन भइरहेको)

**सिटिजन एफ. एम. ९४ मेगाहर्ज**
प्रत्येक सोमबार बेलुका ७ बजे देखि ७:३० बजेसम्म

**खाँदबारी एफ. एम. १०५.८ मेगाहर्ज**
प्रत्येक बुधबार बेलुका ७:००-७:३० बजेसम्म

**चुमालुङमा एफ. एम. भोजपुर**
प्रत्येक शुक्रबार विहान ७:३० देखि ८ बजेसम्म

# पिखुवा सिंचाई मर्मत योजना मिलनको केन्द्रविन्दु बन्यो



बाह्रबिसे वडा नं. ४ अलैचेका कृषकहरूलाई हरेक बर्ष बर्षात्को समयमा कुलो भत्केर हैरान हुने गर्थ्यो । यसले असार साउन महिनाको खेतीको कामको समयमा त झनै हैरानी खेप्नु पर्थ्यो । जो होचो उसकै मुखमा घोचो भनेजस्तै कुलो बनाउनलाई सिधासाधा व्यक्तिहरूले बारम्बार गएर श्रमदान गर्नुपथ्यो, तर पानी लगाउने समयमा टाठाबाठा भनाउँदाहरू पालो मिच्दै पानी लगाउन अघि सर्ने गर्थे । जसले गर्दा एक आपसमा बाजो खेप्दै आएका थिए यहाँका अधिकांश कृषकहरूले ।

यसैबीच नेपाल ग्रामीण पुनर्निमाण संस्थाको गाउँबाट शान्ति परियोजनाले अलैचेमा पर्ने कालिका देवी स्वावलम्वन समूहलाई साझेदारी संस्थाको रूपमा छनौट गऱ्यो । समूह छनौट पश्चात सो समूहमा परियोजना अन्तर्गत विभिन्न तालिम गोष्ठी सचेतनामूलक कार्यक्रमहरू संचालन भए । सोही अन्तर्गत आवश्यकता पहिचान, प्राथमिकीकरण तथा बार्षिक कार्ययोजना निर्माण कार्यक्रमहरू पनि भएका थिए । समूहले वार्षिक कार्ययोजनामा कुलो मर्मतलाई प्राथमिकीकरणमा राख्यो । गाविसको सिफारिस सहित प्रक्रियागत ढंगबाट कुलो निर्माण गर्ने योजनालाई अघि बढाई नेपाल ग्रामीण पुनर्निर्माण संस्था गाउँबाट शान्ति परियोजनासँग समूहले माग र निवेदन सहित सहायताका लागि अनुरोध गऱ्यो । परियोजनाले विभिन्न कोणबाट अध्ययन, लागत इष्टिमेट आदि गरेर योजनालाई सहयोग गर्ने निर्णय गऱ्यो ।

अहिले कुलो मर्मतको काम समेत सम्पन्न भइसकेको छ । जम्मा ३५ घरधुरी लाभान्वित हुने सो सिंचाईकुलो मर्मत योजना आरआरएनबाट रु. ७,३१,३४३ र उपभोक्ताबाट रु. ३५,५९५ गरी जम्मा रु. ७,६६,९३८ मा सम्पन्न भएको हो ।

कुलो मर्मतपछि समुदायमा अहिले पानीको विषयलाई लिएर झैझगडा समेत भएको छैन । एकआपसमा मेलमिलाप र समझदारीद्वारा कुलोको पानीको सदुपयोग गरिरहेका छन् ।

# सीप विकास तालिमले ल्याएको परिवर्तन



भोजपुर जिल्ला साङपाङ गाविस वडा नं. २ मा बस्ने टेक बहादुर कार्की एक सामान्य परिवारका शारीरिक रूपले अशक्त व्यक्ति हुन् । केही समय अगाडि मात्र उनी गाविसको स्वास्थ्य चौकीमा गाविसको अनुदानबाट स्थापित अस्थायी कार्यालयको सहयोगीको रूपमा काम गर्न थालेका छन् । असक्त भएर पनि टेक बहादुरको टाउकोमा आफ्नी बुढी आमाको हेरचाह गर्नुपर्ने जिम्मेवारी समेत छ ।

शारीरिक रूपले अशक्त भएकाले उनले श्रमको काम गर्न सकेनन् । गरिबीले हातमुख जोर्न समेत कठिन थियो । त्यसैले पढाइलाई निरन्तरता दिन समेत नसकेको कुरा उनी बताउँछन् ।

तर अहिले परिस्थिति बदलिएको छ । टेक बहादुरले बाँसबाट बनाइने सामग्रीसम्बन्धी सीप विकास तालिम लिएका छन् । नेपाल ग्रामीण पुनर्निर्माण संस्थाद्वारा सञ्चालित गाउँबाट शान्ति परियोजनाबाट स्थानीय लालीगुराँस सामाजिक परिवारको सिफारिसपछि यो तालिम लिने अवसर पाएका हुन् ।

उनी भन्छन्, “असक्त भइकन पनि घरमा बृद्ध आमाको समेत हेरचाह गर्नुपर्ने हुँदा गाविसका अगुवाहरूलाई अनुरोध गरें र बल्ल सानो जागिर पाउन सफल भए तर अस्थायी भएकोले मलाई यसमा भरपर्न गाह्रो थियो । दिगो जीविकोपार्जनका लागि सीप खोजिरहेको थिएँ । त्यही समयमा आरआरएन गाउँबाट शान्ति कार्यक्रमद्वारा बाँसको सामग्री बनाउने सीप तालिम बारेमा थाहा पाए । अहिले यो तालिम लिएपछि बाँसबाट हेंगर, ऱ्याक, फोटो फ्रेम र मुडा बनाउने कामलाई पेशाकै रूपमा अपनाइरहेको छु । गाउँघरको मागअनुसार विहान बेलुकी मुडा, ऱ्याक बनाउँछु र आजसम्ममा ४० वटा मुडा र ३ वटा ऱ्याक बिक्री गरिसकेको छु । एउटा मुडा रु.२०० देखि ३५० सम्ममा र ऱ्याक रु. ५०० देखि ८०० सम्ममा बेच्ने गरेको छु र यसमा लागेको खर्च कटाएर राम्रै नाफा गरिरहेको छु । मलाई अब जागिर नभएपनि आफ्नो जीवन चलाउन सक्छु भन्ने हिम्मत छ । आरआरएनले मलाई दिगो र अतिरिक्त आम्दानीको बाटो देखाएकोले घर व्यवहार चलाउन धेरै मद्दत पुगेको छ र मनमा आनन्द र शान्तिको अनुभव गरेको छु ।”

**- चेतनारायण राई,** सामुदायिक परिचालक, भोजपुर

# व्यवसायिक तरकारी खेती थप आयआर्जनको स्रोत



पूर्णमाया बि.क. मत्स्यपोखरी गाबिस वडा नं १ लोक्ताम बस्ने गरीब महिला हुन् । उनको परिवारमा श्रीमान्, श्रीमती, २ छोरा र २ छोरी रहेका छन् । घर चलाउनको लागि श्रीमानले आरन थापेर केही कमाउँथे । सोही कमाइ नै घरपरिवारको आम्दानीको स्रोत थियो । घर परिबार चलाउनको लागि अरु आम्दानीका स्रोत केही थिएनन् ।

पूर्णमाया जन संगम युवा क्लबकी सदस्य समेत हुन् । सदस्य भएका नाताले यस क्लबले उनलाई आम्दानीको स्रोत फेला पार्न र आत्मनिर्भर बन्न ठूलो सहयोग गऱ्यो । क्लबको सिफारिसमा आरआरएन गाउँबाट शान्ति परियोजनाको सहयोगमा सञ्चालित व्यवसायिक तरकारी खेती तालिममा उनी समावेश भइन् ।

तालिमपश्चात् सिकेका सीपहरूलाई उपयोग गरी आजकल आफ्नो भएको थोरै बारीमा खनजोत गरी बीऊ बीजनको ब्याड राखेर राम्रा बिरुवाहरू बनाउँछिन् । अहिले उनले बारीभरी कोपी, बन्दाकोपी, मुला, रायो जस्ता तरकारी लगाएकी छिन् । उब्जाएका तरकारीहरूको परिवारमा समेत उपभोग बढेपछि स्वास्थ्य राम्रो भएको छ ।

परिवारमा चाहिने बाहेक अरु तरकारी उनी बजारमा लगेर बेच्छिन् र घरखर्च चलाउँछिन् । उनी भन्छिन्, "तरकारी खेतीले गर्दा आजकल हामीले पनि दुईचार पैसाको मुख देख्न पाएका छौं र घरखर्च चलाउन सजिलो भएको छ । तरकारी खेती गर्नुभन्दा पहिले घरखर्च चलाउन चिन्ता हुन्थ्यो तर अहिले आयआर्जन बढेपछि मनमा एक खालको आनन्द छ । यो उपलब्धि नै गाउँमा बस्ने हामी जस्तो विपन्न वर्ग र दलितको लागि शान्ति रहेछ ।"

उनी फेरि थप्छिन्, "अहिले हाम्रो गाउँमा महिला, पुरुष, धनी, गरीब र दलित भनेर घृणा गरिदैन, सबैलाई समान दृष्टिले हेरिन्छ र सामाजिक काममा सबै एकजुट भएर काम गर्छौं र सबैमा मेलमिलाप छ ।"

– **हरिराम खनाल**, जीविकोपार्जन अधिकृत, संखुवासभा

# खानेपानी परियोजनाले ल्याएको परिवर्तन



संखुवासभा जिल्लाको सदरमुकामदेखि १० कोस टाढा नुम लुम्वाङ्गमा खानेपानीको अभाव थियो । यस भेकमा भौगोलिक विकटताको कठिनाई त छँदैछ, बासिन्दाहरू विकासका सामान्य पूर्वाधारहरूबाट समेत बञ्चित थिए । समुदायमा खानेपानीको अभावबाट स्थानीयवासीहरूलाई ठूलो चिन्ता थियो । समुदायले खानेपानी बनाउने पहल नगरेको पनि होइन, तर समुदायको आर्थिक अवस्था कमजोर भएको कारणले खानेपानी निर्माणमा लगानी गर्न सम्भव थिएन । स्रोत खोज्न अति जरुरी थियो ।

स्थानीय प्रगतिशील स्वावलम्वन समूहका पूर्व अध्यक्ष दिल कुमारी राई भन्नुहुन्छ, "स्रोत जुटाउन धेरै ठाँउमा पहल गरियो तर सम्भव भएन । तर पछिल्लो समयमा आरआरएनको गाउँबाट शान्ति परियोजनाले स्रोत उपलब्ध गरायो । उक्त सहयोग नै हाम्रो खानेपानी आयोजना निर्माणका लागि एकदम महत्वपूर्ण सावित भयो ।"

आरआरएन गाउँबाट शान्ति परियोजनाको रु. ३ लाख ७५ हजार ८ सय ९९ अनुदान सहयोगमा निर्माण सम्पन्न भएको यस खानेपानी आयोजनामा समुदाय स्वयंले पनि रु १ लाख ३७ हजार २२ रूपैया बराबर जनश्रमदान गरेका छन् । खानेपानी आयोजनाले १७ घरधुरीका गरीब, पछाडी परेका/पारिएका ३४ महिला र ४५ पुरुषलाई नियमित रूपमा पिउने पानी, करेसाबारीको तरकारीमा सिँचाईका लागि समेत सेवा पुऱ्याइरहेको छ ।

"श्री महादेव प्राथमिक विद्यालय नुम ६ कटुवाल डाँडाका छात्रछात्राहरूलाई पानी उपलब्ध भएको छ । समुदायमा द्वन्द्व प्रभावित, गरीव तथा बञ्चित महिलाहरूको कामको बोझ समेत घटाउन सकेकाले ठूलो राहत महसुस गरेको छु । अर्कोतर्फ प्रक्रिया, गुणस्तर र पारदर्शीता आदिका बारेमा महत्वपूर्ण सिकाई भएका छन् । जुन सिकाईहरू आउँदा दिनमा समेत हाम्रा लागि अनुशरण गर्न लायक छन् ।" हर्षित मुद्रामा उक्त खानेपानी निर्माण समितिका अध्यक्ष जीत वहादुर पोखरेलले सामुदायिक परिचालक राम वहादुर विकसँग भन्छन् ।

खानेपानी निर्माण समितिका कोषाध्यक्ष मनमाया पोखरेल विगतका अवस्था र हालको परिवर्तनको अवस्थालाई तुलना गर्दै भन्नुहुन्छ, "साँच्चै गौरव गर्नुपर्छ हाम्रो जस्तो दुर्गम ठाउँमा पनि यस्तो समस्यालाई हल गर्न साथ दिने गाउँबाट शान्ति परियोजनाको सहयोग अतुलनीय छ । यसलाई हामीले प्रत्यक्ष अप्रत्यक्ष द्वन्द्व प्रभावित, गरीब बञ्चितिमा पारिएका महिला तथा पीडितले पाएको एक महत्वपूर्ण राहतको रूपमा लिएका छौं ।"

– **राम वहादुर वि.क.**, सामुदायिक परिचालक, संखुवासभा

## रणशेरको जीवनमा आएको परिवर्तन

दिदीङ गाविसका रणशेर राई अति गरीब र द्वन्द्वबाट प्रत्यक्ष प्रभावित व्यक्ति हुन् । रणशेरलाई ४ जनाको परिवार पाल्न बडो मुस्किल थियो ।

रणशेर स्थानीय गिसेला क्याद्ली युवा क्लबका एक सक्रिय सदस्य पनि हुन् । एकदिन उनको आर्थिक अवस्थाबारेमा उक्त क्लबमा छलफल चल्यो । क्लबका सदस्यहरूले उनको आर्थिक र पारिवारिक अवस्थालाई राहत होस् भनेर मानवीय सहयोग दिलाउने निर्णय गरे । फलस्वरूप क्लबले गाविसमा संचालन भइरहेको आरआरएन गाउँबाट शान्ति परियोजनालाई रणशेरको दयनीय अवस्थामा सहयोग गर्न अनुरोध गऱ्यो र उनले परियोजना मार्फत् रु. ८,००० सहयोग पाए । यो अति कठिन समयको सहयोगले उनीलाई ठूलो राहत पुगेको छ । "मैले सो रकमबाट एउटा बंगुरपाठा र एकजोडी हाँस किने जसबाट मेरो तत्कालीन समस्या पनि समाधान भएको छ र अब केही गर्न सक्छु भन्ने ठूलो आँट पलाएको छ" उनी भन्छन् ।

रणशेर एकदमै मेहनती युवा हुन् हाल उनले गाउँबाट शान्ति परियोजनाबाट डकर्मीको तालिम समेत पाएका छन् । आजकल उनी गाउँघरमै निर्माण हुने विभिन्न पूर्वाधारका काममा मिस्त्री काम समेत गर्छन् र राम्रो आम्दानी पनि गर्ने गरेका छन् ।

विपन्न छु केही गर्न सक्दिन भनेर हैन अवसरको खोजी गरी रणशेरले जस्तै आयआर्जनका क्रियाकलापहरू गरेमा सकारात्मक परिवर्तन ल्याउन सकिन्छ द्वन्द्वका घाउहरू मेट्न सकिन्छ भन्ने पाठ रणशेरबाट सिक्न सकिन्छ ।

– **मन्जु बिष्ट**, सामुदायिक परिचालक, संखुवासभा

## आयमूलक व्यवसायले ल्याएको परिवर्तन

द्वन्द्व समाप्ति सँगसँगै द्वन्द्वमा सहभागी धेरै युवाहरू संगठित भएर सामुहिक विकासमा लागेका छन् । एउटा समूह खाँदबारी नगरपालिका वडा नं १० मा यस्तै सामुहिक काममा लागेकोछ । उनीहरूले परिवर्तित जागरण समूह नामक संस्था समेत गठन गरेका छन् । २५ जना सदस्य रहेको यो समूहलाई आरआरएन गाउँबाट शान्ति कार्यक्रमद्वारा २०६६ देखि नेतृत्व, सीपमूलक विकास, लैङ्गिक सचेतना, समावेशीकरण, तरकारी खेती, बंगुरपालन, च्याउखेती सम्बन्धी तालीम समेत दिइएको छ ।

तालिम पश्चात आरआरएन गाउँबाट शान्ति परियोजनाबाट तरकारी खेती, बंगुरपालन, कम्प्यूटर तालिम संचालन गर्नको लागि बीऊ पुँजी समेत प्रदान गरिएको छ । यस पूँजीभित्रबाट रु. २२,००० मा समूहले वार्षिक ठेक्कामा खेत लिएर सामुहिक तरकारी खेती र बंगुरपालन पनि गरिरहेका छन् । गाउँबाट शान्ति परियोजनाको सहयोगमा कृषि सडक समेत उक्त फार्ममा पुऱ्याएका छन् । उनीहरूले हाल १५ वटा बंगुर





माउ र १ बिर गरी १६ वटा बंगुर पालेका छन् । अहिलेसम्म बंगुरको बिक्रीबाट उनीहरूले रु. ६,१६,५०० आम्दानी गरिसकेका छन् । त्यस्तै तरकारी खेतीबाट रु ६०० र च्याउ खेतीबाट रु ७००० को आम्दानी गरेका छन् । बिक्री गर्दा अरुले भन्दा कम दाम लिएका छौ भन्छिन् समूहकी कोषाध्यक्ष सन्दिपा श्रेष्ठ र सदस्य डिल्ली राई ।

हाल आफूलाई खान समेत तरकारी किन्न परेको छैन र आम्दानीले छोराछोरी पढाउन र खाद्यसामग्रीको लागि समेत समस्या नरहेको भन्छिन् सन्दिपा । आयआर्जन गर्न सीप तथा ज्ञान समेत बढेकोले व्यवसायले धेरै परिवर्तन ल्याएको छ भन्छन् परिवर्तित जागरण समूहका सदस्यहरू ।

शान्ति निर्माणका लागि काम गर्दै आएको आरआरएन गाउँबाट शान्ति परियोजनाले यो समूहलाई द्वन्द्व व्यवस्थापन, पुनर्मिलनसम्बन्धी तालिम, सेमिनार गोष्ठी आदि धेरै क्रियाकलापमा आबद्ध गराउदै आएको छ । द्वन्द्वमा फसेका युवाहरूको जीवनलाई सामान्यकरण गर्दै आत्मनिर्भर बन्न उन्मुख गर्दै परियोजनाले अभिमूखिकरण गरिरहेको छ ।

– **खड्ग बहादुर तामाङ्ग**, संखुवासभा

# सामुदायिक भवन निर्माण र एकता



संखुवासभा जिल्ला खराङ गाविस वडा नं. ५ पालुङका बासिन्दाहरू जिल्लाका अन्य ठाउँको तुलनामा विपन्न र पछाडी परेका छन् । उनीहरूको कुनै पनि कुरामा पहुँच पुग्न सकेको छैन । यस गाँउमा न बिजुलीबत्ती छ न त मोटरबाटो नै पुगेको छ । दलितको बाहुल्यता रहेको यस बस्तीमा थोरै संख्यामा क्षेत्री र राई जातीको समेत बसोबास छ ।

पालुङमा एक पालुङ सामुदायिक संस्था समेत रहेको छ । संस्थाको नेतृत्वदायी पदमा दलित मात्र रहेका छन् । यस संस्थाका सम्पूर्ण सदस्यहरू गरीब र विपन्न वर्गका छन् ।

समुदाय अहिले आफ्ना अधिकारका बारेमा, गाविसबाट पाउने सेवा सुविधाका बारेमा चासो राख्ने, आफ्नो कुरा राख्ने र सेवा समेत लिन सक्ने भएका छन् । यसपल्ट समूहले सामुदायिक भवन निर्माण गर्नका लागि भनेर गाविसबाट बजेट निकासा गर्न समेत सफल भए । उक्त बजेटले मात्र भवन निर्माण पूरा नहुने भएपछि गाउँबाट शान्ति परियोजनासँग समेत आर्थिक सहयोगका लागि अनुरोध गरे । परियोजनाबाट सहयोग पाएपछि भवन निर्माण कार्य पनि सम्पन्न भएको छ ।

नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन) गाँउबाट शान्ति कार्यक्रमले विगत दुई बर्षदेखि पालुङ सामुदायिक संस्थासँग समन्वय गरी समूहका सदस्यहरूलाई विभिन्न किसिमका तालिम, गोष्ठीहरूमा सहभागी गराउँदै आइरहेको छ । विपन्न भएर पनि यस्ता तालिमहरूले उनीहरूमा सकारात्मक परिवर्तनहरू ल्याएको देखिन्छ ।

भवन निर्माणको क्रममा समुदायका (क्षेत्री, जनजाति, दलित) सबै सदस्यहरूले एकआपसमा मिलेर श्रमदान समेत गरेका थिए । यसले एकआपसमा मेलमिलापका साथै एकता र समूहमा काम गर्दा जस्तोसुकै काम पनि एकदमै सजिलो तरिकाले सम्पन्न गर्न सकिने रहेछ भन्ने कुराको सिकाई भएको छ ।

- **अनन्त घिमिरे,** संखुवासभा

# भौतिक पूर्वाधारले ल्याएको शान्ति



मकालु गाविस वडा नं २ मा रहेको कालिका प्रा.वि. पढ्ने वातावरण अनुकुल थिएन । भवन जीर्ण अवस्थामा भएकाले शिक्षक, अभिभावक तथा विद्यार्थी भयभित थिए । समुदायले मर्मतका लागि स्रोत जुटाउन सकिरहेको थिएन ।

यस अवस्थामा क्लबले समेत विद्यालय मर्मतका लागि आरआरएन गाउँबाट शान्ति परियोजनासँग सहयोगको अनुरोध गरेपछि कालिका प्रा.वि. गैरीगाँउमा परियोजनाले रु. ६,५४,६३० आर्थिक सहयोग गऱ्यो । समुदायले पनि रु. ८६,४६५ बराबरको श्रमदान गरे र कुल लागत रु. ७,४१,०९५ को लगानीमा विद्यालयको नयाँ भवन बन्यो ।

कालिका प्रा.वि.मा ४७ जना छात्रछात्रा पढ्छन् र शिक्षक शिक्षिका ३ जना रहेका छन् । भवन निर्माणपछि विद्यालय भवन भत्किने डर हटेको छ र विद्यालय प्रा.वि. बाट नि.मा.वि. हुनका लागि आवश्यक पूर्वाधार खडा भएको छ ।

विद्यालय भवन निर्माण गर्दा एक आपसमा मेलमिलापको वातावरणमा समान जनश्रमदान भएको त्यहाँका अभिभावक तथा शिक्षक नर बहादुर सुवेदी तथा ज्ञान विक्रम राई भन्नुहुन्छ । उक्त भौतिक पूर्वाधार निर्माणले शैक्षिक वातावरण अनुकुल बनाई दिगो शान्ति निर्माणमा ठूलो टेवा पुऱ्याएको छ भनेर समुदायका मानिसहरू स्वयं पनि भन्ने गर्छन् ।

- **खड्गबहादुर तामाङ,** संखुवासभा

**जब हामी नयाँ समाजको निर्माण गर्ने उद्देश्य राख्छौं, हामीले के विर्सनु हुदैन भने हामीले यो काम यही पुरानो समाजभित्रै गर्दैछौं । तसर्थ हामीले यसलाई परिवर्तन गर्नु, निर्माण गर्नु वा पुनर्निर्माण गर्नु आवश्यक छ ।**

-डा. वाई. सी. जेम्स येन

| | गतिविधिहरू | स्थान | लाभान्वित संख्या |
|---|---|---|---|
| तालिम | लेखा तालिम, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण तालिम, शान्ति निर्माण तथा द्वन्द्व रूपान्तरण तालिम | संखुवासभा तथा भोजपुरका परियोजना क्षेत्रका जनसंस्थाहरू | ४१९ |
| | अभिमूखिकरण तालिमहरू लेखा, स्रोत व्यवस्थापन, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण तालिम, संस्थागत विकास | संखुवासभा तथा भोजपुरका परियोजना क्षेत्रका जनसंस्थाहरू | ५०० |
| | आत्ममूल्यांकन तालिम | भोजपुर तथा संखुवासभा परियोजना क्षेत्रका जनसंस्थाहरू | २८५४ |
| | सीपविकास तालिम, मौरीपालन, बंगुरपालन, घर वायरिङ, बाखापालन, अकबरे खुर्सानी, अदुवा, उखु उत्पादन तथा व्यवस्थापन तालिम | भोजपुर तथा संखुवासभा परियोजना क्षेत्रका जनसंस्थाहरू | २१२ |
| | द्वन्द्व पीडित, गरीब र बञ्चितिकरणमा परेका समुदायलाई नेतृत्व विकास तथा संगठन व्यवस्थापन तालिम | मत्यपोखरी, बाह्रविसे, खराङ र आँखिंभूई | १२६ |
| मागमाआधारित तालिम | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण तालिम, द्वन्द्व रूपान्तरण तालिम | बानेश्वर, खराङ | ६४ |
| सहयोग | गरीब र बञ्चितिकरणमा परेका वर्गलाई सहयोग | तिवारीभञ्ज्याङ, बोया, चरम्बी, प्याउली र देउराली | ५ |
| | द्वन्द्व प्रभावितलाई सहयोग | खाँदबारी र आँखिभूई | २ |
| संवन्वय | गाविस, जिल्ला कृषिअधिकृत, डब्लुएफपी तथा अन्य स्थानीय निकाय | परियोजना क्षेत्रका जनसंस्थाका सदस्यहरू | २५४ |
| | जनसंस्थाहरूको स्थानीय शान्ति समितिहरूसँग सम्वन्ध विस्तार | दिदीङ्ग, नुम, बाह्रविसे, आँखिभूई, बानेश्वर, मत्यपोखरी, काठमाडौं | १७१ |
| | सरोकारवाला तथा राजनैतिक व्यक्तिहरूसँग कार्यशाला | काठमाडौं | |
| | स्थानीय शान्ति समितिहरूसँग बैठक | भोजपुर तथा संखुवासभाका परियोजना क्षेत्र | २५६ |
| सहयोग | मानवीय सहयोगका लागि जनसंस्थाहरूको सरकारी निकायहरूसँग समन्वय | प्याउली | १ आगलागी पीडित |
| | ३ उप-स्वास्थ्य चौकीहरूमा स्वास्थ्य सामग्री वितरण | साङपाङ, हेलौछा, प्याउली | |
| | बीऊपूँजी तथा आवश्यक सामग्री | संखुवासभा तथा भोजपुर परियोजना क्षेत्रका केही गाविस | |
| सचेतना अभियान | सरसफाईसम्बन्धी अभियान | किमालुङ, चतुरेडाँडा | ७६ |
| | एड्स, झाडा पखाला तथा अन्य स्वास्थ्यसम्वन्धी सचेतना | मकालु | ५४ |
| | व्यवसायिक शिक्षासम्बन्धी शिक्षालयमा अनुगमन भ्रमण | | |
| | परियोजना क्षेत्रमा अवलोकन भ्रमण | | ३४ |
| | शान्ति र्‍याली, बैठक, बादविवाद प्रतियोगिता | खाँदबारी, आखिँभूई, बाह्रविसे र खराङ्ग | ७७६ |
| | शान्ति सचेतनाकार्यक्रम | भोजपुरको जरायोटार र संखुवासभाको बाह्रविसे | १४४ |
| पूर्वाधार निर्माण | भौतिक पूर्वाधार निर्माण सम्पन्न (अहिलेसम्म) | संखुवासभा तथा भोजपुर परियोजना क्षेत्र | १४२ |

गाउँबाट शान्ति कार्यक्रमका लागि नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन) द्वारा प्रकाशित चौमासिक बुलेटिन

**सम्पर्क ठेगानाः**
**नेपाल ग्रामीण पुनर्निर्माण संस्था** (आरआरएन)
पो.ब.नं. ८१३०, २८८ गैरीधारा, काठमाडौं, नेपाल ।
फोनः ४००४९७६, ४००४९८५, फ्याक्सः ४००४५०८, इमेलः rrn@rrn.org.np वेबसाइटः www.rrn.org.np
**कार्यक्रम सम्पर्क कार्यालयः** संखुवासभा, फोन : ०२९-५७५११४ / भोजपुर, फोन : ०२९-४२०५१५/४२००५७

गाउँबाट शान्ति परियोजना **(Peace Building from Below-PBB)** क्यानाडाली अन्तर्राष्ट्रिय विकास संस्था (Canadian International Development Agency-CIDA) को सहयोगमा नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन) द्वारा पूर्वाञ्चलका पहाडी जिल्लाहरू- भोजपुर र संखुवासभामा संचालित एक कार्यक्रम हो ।